का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ चैत २०८०,
शनिबार
30 March 2024,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## कुलमानलाई बक्यौता उठाउनै सकस

नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङका लागि विद्युत महशुल बक्यौता टाउको दुखाइको विषय बनेको छ । दोस्रो पटक प्राधिकरणको प्रमुखमा नियुक्त भएपछि उनको अधिकांश समय बक्यौता उठाउनमै केन्द्रित छ । तर पनि बक्यौता रकम ४० अर्ब नाघिसकेको छ ।

**मनीषा अवस्थी / मध्यान्ह**
काठमाडौं, १६ चैत ।

नेपाल विद्युत प्राधिकरणलाई ग्राहकले उपभोग गरेको महशुल उठाउन सकस परेको छ । विभिन्न सार्वजनिक क्षेत्रमा उपभोग भएको विद्युत महशुल उठाउन प्राधिकरणले ताकेता नै गर्नुपरिरहेको छ । यतिबेला विभिन्न क्षेत्रमा उपभोग भएको विद्युत महशुल बक्यौता ४० अर्ब नाघिसकेको प्राधिकरणले जनाएको छ ।

विद्युत महशुल खप्टिदै गएपछि प्राधिकरणले पटक पटक बक्यौता भुक्तानीका लागि ताकेता गर्नुपरेको छ । आफैले उपभोग गरेको विद्युत महशुल तिर्नका लागि पनि यसरी ताकेता गर्नुपर्ने र त्यसमा पनि विवाद आउँदा निकै समस्या हुने गरेको प्राधिकरणका अधिकारी बताउँछन् ।

समयमा बक्यौता उठाउन प्राधिकरणका लागि प्रभावकारी नीति नै नभएको प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ नै बताउँछन् । उनी भन्छन्, 'हामीले प्रयास गर्ने हो । समस्या धेरै छन् । उपभोक्ताबाट महशुल उठाउनका लागि प्राधिकरणले चाहेर मात्रै केही हुँदैन । किनकि प्राधिकरणको सरकारको निर्देशन मान्नुपर्ने स्थानमा छ ।'

लामो समयसम्म बक्यौता नतिरेपछि पछिल्लो पटक बिहीबार मात्रै प्राधिकरणले सडक बत्तीको महसुल तिर्न स्थानीय तहलाई सूचना जारी गरेको छ । विनामिटर सडक बत्ती बालिरहेकाहरुलाई रितपूर्वक ग्राहक बनी मिटरमार्फत सडक बत्ती जडान गर्न र हालसम्म प्रयोग गरिएको बत्तीको बक्यौता महसुल तिर्न प्राधिकरणले आग्रह गरेको हो । प्राधिकरणका अनुसार विभिन्न स्थानीय तहले सडक बत्ती उपभोग गरे बापत ६ अर्ब भन्दा बढी बक्यौता रकम भुक्तानी हुन बाँकी छ । यसअघि गत असारमा तत्काल स्थानीय तहका सडकमा प्रयोग भएको बिजुलीको महशुल उठाउन अर्थ मन्त्रालयले प्राधिकरणलाई निर्देशन दिएको थियो ।

प्राधिकरणले लामो समयदेख खप्टिएको २५ अर्ब मशुल बक्यौता उठाउन नसक्दा बर्षौ विवाद भएको विषय पनि केही महिनाअघि मात्रै मत्थर भएको छ । उद्योगी ब्यापारीहरूले ट्रंक लाइन र डेडिकेटेड लाइनको बक्यौता नतिरेपछि प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङका लागि टाउको दुखाइको विषय बनेको थियो । घिसिङले केही डेटिकेटेड र ट्रंकलाइन उपभोग गरेका उद्योगी व्यवसायीमाथिको बिलिङ कानुनसम्मत भएको भन्दै बक्यौता उठाएरै छोड्ने कुरा लामो समयसम्म गर्नुपरेको थियो । अहिले प्रधानमन्त्री तहबाटै हस्तक्षेप भएपछि सो विवाद केही मथ्थर भएको हो । महसुल संकलन विनियमावली २०७८ अनुसार विद्युत् महसुल समयमा भुक्तान नगर्ने उपभोक्ताको महशुलका लागि ताकेता गर्न मिल्छ । पृष्ठ २ मा

बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## थानकोट डिपो प्रमुखकै मिलोमतोमा डिजेल चोरी !

**सन्तोष बराइली / मध्यान्ह**
काठमाडौं, १६ चैत

डिजेल चोरीमा संलग्न भएको आशंकामा हेटौंडा उपमहानगरपालिका-९ स्थित नवदुर्गा आयल स्टोर्सका सञ्चालकलाई स्पष्टीकरण पेश गर्न निर्देशन दिइएको छ ।

नेपाल आयल निगमको अम्लेखगञ्ज डिपो प्रमुख बिनितमणी उपाध्यायले नवदुर्गा आयलका सञ्चालकलाई २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएका हुन् । बिहीबार हेटौंडास्थित नवदुर्गा आयल स्टोरको कम्पाउण्डमा डिजेल चोरी गर्दै गर्दा पक्राउ परेको ना.७ ख २७९४ नम्बरको ट्यांकरलाई भने काठमाडौंको थानकोटस्थित आयल निगमको बागमती प्रादेशिक कार्यालय ल्याइएको छ ।

अम्लेखगञ्ज डिपो प्रमुख उपाध्यायले मध्यान्हसँग भने, 'पेट्रोलपम्प सञ्चालकलाई २४ घण्टाभित्र डिजेल चोरीमा संलग्नताबारे स्पष्टीकरण पेश गर्न लिखित उर्दी जारी गरेका छौं । चोरीबारे सत्यतथ्य छिट्टै सार्वजानिक गर्ने छौं ।'

अहिले चोरी आशंका गरिएको घटनाबारे अनुसन्धान भइरहेको थानकोट डिपो प्रमख अशोक साहले जानकारी दिए । डिपोले चोरी घटनामा चालकलाई दोष देखाएर कारबाहीका लागि केन्द्रीय कार्यालयमा सिफारिस गर्ने तयारी गरेको छ । यद्यपि थानकोट डिपोको अपरेसन विभागमा कार्यरत कर्मचारीको संरक्षणमा चालकले डिजेल चोरी गरेको आशंका गरिएको छ ।

> भण्डारण गृहमा खन्याउँदा अपुग हुन आएको परिमाण बराबरको तेल तापक्रम र ढुवानीका क्रममा नोक्सानी भएको देखाउने परिपाटी पुरानै हो । यो प्रवृत्तिले चालक-सहचालक र कर्मचारीलाई आर्थिक लाभ भएपनि निगमलाई भने संस्थागत नोक्सानी हुँदै आएको छ ।

अपरेशन बिभागका एक कर्मचारीले डिपो प्रमुख साहकै योजनाअनुसार इन्धन मापन गरिदै आएको बताए । उनले भने, 'हामी त हाकिमको आदेश अनुसार काम गर्छौं । कुन ट्यांकरमा कति तेल हाल्ने र कति तेलको बिल बनाउने भन्ने कुरा कार्यालय प्रमुखमै भर पर्छ । हाकिमको निर्देशन बिपरीत डिपोहरूमा कुनै काम हुँदैन ।' भण्डारण गृहमा खन्याउदा अपुग हुन आएको परिमाण बराबरको तेल तापक्रम र ढुवानीका क्रममा नोक्सानी भएको देखाउने परिपाटी पुरानै हो । यो प्रवृत्तिले चालक-सहचालक र कर्मचारीलाई आर्थिक लाभ भएपनि निगमलाई भने संस्थागत नोक्सानी हुँदै आएको छ । पृष्ठ २ मा

## घर झगडाले प्रदेश बन्धक !

नागरिक उन्मुक्ति पार्टीका संस्थापक संरक्षक रेशम चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठ श्रीमान-श्रीमती हुन् । तर यी दुई बीचको राजनीतिक विवादका कारण सुदूरपश्चिम प्रदेश सरकार अन्योलमा परेको छ । सरकार जोगाउने कसरतमा रहेका मुख्यमन्त्री कमलबहादुर शाह रेशम-रञ्जिताको घर झगडाको परिणाम आफ्नो हित हुनेगरी आउने आशमा छन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १६ चैत ।



नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले साथ दिए कांग्रेस नेतृत्वको सूदुरपश्चिम प्रदेश सरकारलाई बहुमत पुऱ्याउन मद्दत पुग्ने संसदीय अंकगणित छ। माओवादीले सत्ता सहकार्य छाडेर एमालेसँग समीकरण गरेपछि रुष्ट कांग्रेस हाल आफ्नो नेतृत्वमा रहेको सरकार निरन्तर राख्ने पर्यासमा छ। यसका लागि साना दलहरुको साथका लागि कांग्रेसले मेहनत गरिरहेको छ।

कांग्रेसले आफ्नो नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकार जोगाउन पर्यास गर्दा नागरिक उन्मुक्ति पार्टीमा विवाद उत्पन्न भएको छ । नागरिक उन्मुक्ति पार्टीका संस्थापक अध्यक्ष रेशम चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठ श्रीमान-श्रीमती हुन् । तर, यी दुई बीचको राजनीतिक विवादका कारण सुदूरपश्चिम प्रदेश सरकार अन्योलमा परेको हो । सरकार जोगाउने कसरतमा रहेका मुख्यमन्त्री कमलबहादुर शाह रेशम-रञ्जिताको घर झगडाको परिणाम आफ्नो हित हुने गरी आउने आशमा छन् ।

शुक्रबार मात्रै नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले सुदूरपश्चिम प्रदेश सरकारबाट समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिन प्रदेशसभा संसदीय दलका नेता घनश्याम चौधरीलाई निर्देशन दिएकी छन् ।

सुदूरपश्चिममा कांग्रेस नेतृत्वको वर्तमान सरकारलाई समर्थन कायम पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## तीन सिफ्ट गरेर एक घण्टाभित्रै श्रम स्वीकृति दिन शुरु

> वैदेशिक रोजगार विभागले हरेक दिन बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म, दिउँसो २ बजेदेखि राति ९ बजेसम्म र राति ९ बजेदेखि बिहान ४ बजेसम्मको ३ सिफ्ट कायम गरेर श्रम स्वीकृति दिन थालेको छ ।




**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ चैत

वैदेशिक रोजगार कार्यालय ताहचलले दैनिक ३ सिफ्टमा सेवा दिन थालेको बताएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले एक घण्टाभित्रै श्रम स्वीकृति दिने गरी कार्यालयमा कर्मचारी तथा प्राविधिक पक्ष मजबुत बनाउन निर्देशन दिएपछि कार्यालयले दैनिक ३ सिफ्टमा काम गर्ने बताएको हो ।

वैदेशिक रोजगार विभागले हरेक दिन बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म, दिउँसो २ बजेदेखि राति ९ बजेसम्म र राति ९ बजेदेखि बिहान ४ बजेसम्मको ३ सिफ्ट कायम गरेर श्रम स्वीकृति दिन थालेको छ। बिभागका महानिर्देशक डण्डुराज घिमिरेले शनिबार र सार्वजनिक बिदाका दिनमा समेत सेवा दिन शुरु गरिएको बताए। कम्प्युटरहरुमा ऱ्याम र एसएसडीको क्षमता बढाएर सहजरूपमा बिहान १० बजेदेखि दिने टोकन प्रणाली दिउँसो १ बजेपछि मात्रै खुला गर्न थालेको विभागले बताएको छ। पृष्ठ २ मा

### अस्पतालमा श्रमिक बेडको व्यवस्थापन गर्न मन्त्रालयको आग्रह

**काठमाडौं / मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अस्पतालमा श्रमिक समर्पित बेडको व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई आग्रह गरेको छ । श्रम मन्त्रालयले वैदेशिक रोजगारी तथा आन्तरिक श्रम बजारमा रहेका श्रमिकलाई लक्षित गरी अस्पतालहरुमा निश्चित बेड तोक्ने व्यवस्था गरिदिन स्वास्थ्य मन्त्रालयलाई आग्रह गरेको श्रममन्त्री डोल प्रसाद अर्यालको निजी सचिवालयले जनाएको छ।

श्रममन्त्री आर्यलले स्वास्थ्यसम्बन्धी चेतनाको अभाव र दुर्घटनालगायतका कारणले श्रमिकहरु गम्भीर प्रकृतिका स्वास्थ्य समस्यामा रहेकाले उनीहरूको शीघ्र स्वास्थ्य उपचारका पृष्ठ २ मा

## सांसद गुरुङको निलम्बन बदर

भ्रष्टाचारसम्बन्धी मुद्दामा प्रतिवादी रहेको र मुद्दा विचाराधीन रहेको भन्दै यसअघि संसद सचिवालयले गरेको नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङको निलम्बन सर्वोच्च अदालतले बदर गरिदिएको हो ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १६ चैत ।

नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङको निलम्बन सर्वोच्च अदालतबाट बदर भएको छ । भ्रष्टचार सम्बन्धी मुद्दामा प्रतिवादी रहेको र मुद्दा बिचाराधीन रहेको भन्दै यसअघि संसद सचिवालयले गरेको कांग्रेसका सांसद गुरुङको निलम्बन सर्वोच्च अदालतले बदर गरिदिएको हो ।

न्यायाधीश मनोजकुमार शर्मा र विनोद शर्माको संयुक्त इजलासले शुक्रबार गुरुङलाई निलम्बन गर्ने संघीय संसद सचिवालयको निर्णय बदर गरिदिएको छ । यो सँगै उनी अब प्रतिनिधि सभाको बैठकमा सहभागी हुन पाउनेछन् ।



उनलाई निलम्बन गर्दा संसद सचिवालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लेखेको पत्रलाई आधार मानेको थियो । सांसद गुरुङलाई १२ पुस २०७९ मा निलम्बन गरेको थियो ।

गुरुङविरुद्ध २१ माघ २०७५ मा नै भ्रष्टाचार मुद्दा दायर भएको थियो । मुद्दा अदालतमा विचाराधीन रहेका बेला गुरुङले ०७९ मंसिरको प्रतिनिधिसभा चुनाव लडे र जिते ।

तर अख्तियारले अदालतमा विचाराधीन मुद्दा अन्तिम किनारा नलागेसम्म स्वतः स्वत निलम्बनमा हुनुपर्ने भनी संसद सचिवालयमा पत्र पठायो । भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २६ मा कुनै राष्ट्र सेवकविरुद्ध मुद्दा परेमा किनारा नलागेसम्म स्वतः निलम्बनमा रहने व्यवस्था छ ।

निलम्बन परेपछि गुरुङ सर्वोच्च अदालत गएका थिए । उनको मुद्दामा सुनुवाइ गर्दै अदालतले अख्तियारले लेखेको पत्र र त्यसका आधारमा संसद् सचिवालयले निकालेको निलम्बनको सूचनामा प्रयोग भएको संविधानको धारा र ब्याख्या व्याख्याको त्रुटीपूर्ण भएको ठहर गरिदिएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१७ चैत २०८०, शनिबार
30 March 2024, Saturday

# स्व. खड्काविरुद्ध झुटो मुद्दा लगाइयो: देउवा

**सपना बोहरा/मध्यान्ह**
दाङ, १६ चैत

नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले पूर्वमहामन्त्री स्वर्गीय खुमबहादुर खड्काविरुद्ध भ्रष्टाचारको झुटो मुद्दाको आरोप लगाएको बताएका छन् । दाङको लमही नगरपालिका-९ अमिलियामा दिवंगत नेता खड्काको पूर्णकदको सालिक अनावरण गर्दै सभापति देउवाले भने,'देशको सच्चा सपुतलाइ झुटो मुद्दा लगाउनु गलत हो।'खड्का इमान्दार र विकासप्रेमी नेता भएको उनलेबताए । 'कार्यकर्तामाझ लोकप्रिय रहेका स्वर्गीय नेता खड्का निडर, सक्षम नेतृत्वकर्ता थिए'देउवाले भने,'उनको निधनले पार्टीमा धेरै नै क्षति पुगेको छ।'खड्काको रिक्तता पार्टीभित्र



रहेको उनले बताए ।

खड्काको सालिक अनावरण गर्न दाङ आइपुगेको देउवाले दिवंगत नेता खड्काले पार्टी र देशमा पुऱ्याएको योगदानको बारेमा खुलेरै चर्चा गरे ।

'उहाँलाई षड्यन्त्रपूर्ण तरिकाले भ्रष्टाचारको झुटो मुद्दा लगाएर जेल हाल्यो,' पार्टी सभापति देउवाले भने ,त्यसले केही फरक परेन,उहाँको झनै हाइट बढ्दै गयो ।' खड्का राष्ट्रको सपुत हो भन्ने कुरा आम नेपालीले बुझेको उनले बताए। 'त्यस्ता व्यक्तिलाई मुद्दा लाग्दैमा आश्चर्य मान्नुहुँदैन' देउवाले प्रष्ट पार्दै भने 'त्यसकारण मुद्दाको कुरा हामीले उठाउने कुरा छैन् ।'

खड्का ठूलो अडानको भएको व्यक्ति भएको बताए। पार्टी र जनताको लागि समर्पित व्यक्ति भएको उनले बताए । स्व.खड्काविरुद्ध ०५८ मा विशेष अदालतमा मुद्दा परेको थियो । अख्तियारले दायर गरेको मुद्दामा विशेष अदालतले सफाइ दिएपनि सर्वोच्चबाट भने खड्का दोषी ठहर भएका थिए । पटक-पटक मन्त्री हुँदा पदको दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा खड्का जेलसम्म पुगे। २ करोड ३६ लाख सम्पत्तिको स्रोत नखुलेको भन्दै अख्तियारले सर्वोच्चमा ०६३ चैतमा पुनरावेदन गरेको थियो । सर्वोच्चले खड्कालाई डेढ वर्ष कैद र ९४ लाख ७४ हजार १ सय बिगो र त्यति नै जरिवानाको फैसला सुनायो । २०७० मा जेलमुक्त भएका थिए ।

वैधानिक रूपमा कमाएको सम्पत्ति र अन्य सम्पत्तिको अन्तरलाई अस्वाभाविक भन्दै सर्वोच्चले दोषी ठहर गरेको थियो । खड्काको २०७४ साल चैत १६ गते निधन भएको थियो ।

# सशस्त्र प्रहरीका कारण आफूहरु आतंकित बनेको व्यापारीको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ चैत

रौतहट गौरका विभिन्न पसलबाट किराना सामानहरु खरिद गरी गरुडा र चन्द्रपुरसम्म लैजाँदा सशस्त्र प्रहरीले मालसामानहरु समातेर भन्सारमा बुझाउने कार्यबाट आफुहरु आतंकित बनेको व्यापारि हरुले आरोप लगाएका छन् ।

सदरमुकाम गौर बजारमा रहेका विभिन्न पसलबाट किराना सामानहरु खरिद गरी गौरदेखि चन्द्रपुरसम्म कम मुनाफामा दिएर आफ्नो परिवार पाल्दै आएका व्यापारीसँग गौरदेखि चन्द्रपुरसम्मका विभिन्न वेस क्याम्पसका सशस्त्र प्रहरी तथा विभिन्न युनिटका प्रहरीहरुले महिनाबारी रुपमा रकम लिँदै आएपनि बेला बखतमा सामानहरु बसबाट झारी सिधैं भन्सार कार्यालयमा पुऱ्याउने कार्यबाट कारोबार गर्ने व्यापारीहरु आतंकित बनेको उनीहरुले दुखेसो पोखेका छन् ।

एक व्यापारीले गौरदेखि चन्द्रपुरसम्म विभिन्न स्थानमा रहेका सुरक्षाकर्मीहरुलाई महिनाका एक लाख ७५ हजार रुपैयाँ रकम बुझाउँदै आएको भएपनि सातापिच्छे बसमा राखिएको चामल, मैदा, तेलसहितका किराना सामानहरु डाँका शैलीमा सशस्त्र प्रहरीले झार्न लगाएर भन्सार कार्यालय पुऱ्याउने कार्य साह्रै अशोभनिय भइरहेको बताए ।

सशस्त्र प्रहरीले धन पनि लिने धर्म पनि लिने कार्यबाट आतंकित भइ यस्ता व्यापार नगर्ने तर रकम लिने सामान पनि समात्नेविरुद्ध भण्डाफोर अभियान चलाउने ती व्यापारीले पत्रकारहरुसँग कुरा गर्दै आफ्नो पीडा सुनाए ।

सीमापारीबाट भन्सार छलेर सामान ल्याउने होइन, पसलबाट किनेर कम मुनाफामा गौरदेखि चन्द्रपुरसम्म विभिन्न पसलमा सामानहरु पुऱ्याए वापत केही मुनाफाको भरमा



आफ्नो जीविकोपार्जन गर्दै आएपनि सुरक्षाकर्मीहरुको कारण जीविकोपार्जन गर्न समेत धौंधौं परेको उनले बताए ।

जिल्लाको भारतसँग जोडिएका विभिन्न नाकाहरु भएर दैनिक लाखौंको राजस्व छलेर मालसामानहरु भित्र्याउने गरिएको छ । उक्त कार्य गरेवापत व्यापारीहरुबाट मोटो रकम लिँदै आएको ती व्यापारीले सशस्त्र प्रहरीमाथि गम्भीर आरोप लगाएका छन् । त्यति मात्रै नभइ गौर भन्सारको मुख्यद्वार भएर राधेश्याम साहको सामानहरु सजिलै भित्रिएर गोदामसम्म आउने र गोदामबाट दुई वटा पिकअप गाडीमा राखेर कटहरिया, गरुडा, विर्ता, चन्द्रपुरसम्म निर्बाध रुपमा पठाउने गरेपनि तीनको मालसामानहरु नसमात्ने तर गौरबाट किनेर लग्दा सामान समात्ने सशस्त्र प्रहरीको बदनियतपूर्ण व्यवहारबाट आतंकित हुँदै अब उपरान्त व्यापार नगर्ने मनस्थितिमा पुगिसकेको नाम नछाप्ने शर्तमा ती व्यापारीले बताए ।

महिनाबारी रकम १ लाख ७५ हजार बुझाएपनि होली पर्वमा ६५ हजार रकमको विभिन्न सामानहरु किन्न लगाएको तर दुई दिनमै पुनः डाकाशैलीमा गएर बसबाट ५० हजार मूल्य बराबरको सामानहरु झारेर भन्सार कार्यालयमा दाखिला गरिदिएमा कुन व्यापारीले घाटा सहेर काम गर्छ भन्दै उनले प्रश्न गरे ।

# उपचारका लागि सहयोगको खोजीमा क्यान्सरबाट पीडित छत्याल



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १६ चैत

हुम्लाको मध्य क्षेत्रमा पर्ने सर्केगाड गाउँपालिका वडा नं. ७ रोडिकोटका निपेन्द्र छत्याल यतिबेला ब्लड क्यान्सर भएर काठमाडौंको केएमसी अस्पतालमा उपचाररत छन् ।

२० वर्षको कलिलो उमेरमा ब्लड क्यान्सरबाट पीडित उनलाई नेपालमा उपचार सम्भावना नहुने अस्पतालले बताएको छ। आर्थिक अभावका कारण उनलाई भारत लैजान नसकिएको परिवारले बताएको छ।

उनलाई उपचारका लागि सहयोग गरिदिन दाइ माइकल मल्लले बताए । दाइ मल्लले उपचारका लागि हालसम्म करिब ६ लाख खर्च भइ सकेको बताए ।

अहिले उपचार भइरहेपनि नेपालमा उपचार सम्भव नरहेको डाक्टरहरु बताएका दाजु मल्लले बताए । पैसा अभावमा अस्पतालबाट बाहिर ल्याउन समेत नसकेको उनले बताए । बोनम्यारो प्रत्यारोपण गर्नुपर्दा उपचार गर्दागर्दै सबै सम्पत्ती सकिएको छत्यालका बाबु विष्णु छत्यालले बताए । बाहिर देश लैजाँदा ४० देखि ४५ लाख रुपैयाँ लाग्ने डाक्टरहरुले बताएको बाबु विष्णुले बताए । उनले छोरालाई उपचारका लागि सहयोग गरिदिँन आग्रह गरे ।

# १३ वर्षदेखि ह्वीलचेयरमा शाही सहयोगको अपिल

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १६ चैत

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका ५ बडागाउँका कृष्ण शाहीको १३ वर्षदेखि ह्वीलचेयरकै बास छ। कृष्ण शाहीका ३ भाइमध्ये उनी घरका जेठा छोरा हुन् ।

अहिले कृष्ण शाहीको परिवार ५ जनाको छ । जसमा बुबा सर्जन शाही, श्रीमती कविता शाही, एक छोरा अभिषेक शाही र एक छोरी अनुपमा शाही रहेका छन् । अहिले कृष्ण शाहीको आर्थिक अवस्था निकै कमजोर छ। शाहीका छोरा र छोरी कक्षा ९ मा पढ्छन् ।

शाही २०६७ सालतिर सल्यान रुकुम यातायात समितिका जिप चालक थिए । अहिले रुकुम पूर्वको सिस्ने गाउँपालिकामा पर्ने धाउन्नेमा २०६७ माघ २१ गते साँझ ब्रेक फेल भएर जिप दुर्घटना भयो। जिप दुर्घटनामा घाइते भएका उनलाई जिल्ला अस्पताल सल्ले लगिएको र त्यहाँ उपचार नभएपछि नेपालगञ्ज भेरी अस्पताल हुँदै



काठमाडौं जनमैत्री अस्पतालमा उपचारका लागि रिफर गरिएको उनकी श्रीमती कविताले बताइन् ।

कविता शाही भन्छिन्, 'आर्थिक अभावका कारण अहिले छोरा छोरी पढाउन मुस्किल भएको छ । अहिलेसम्म कसैको सहयोग मिलेको छैन । कुनै संघ संस्था वा मनकारी व्यक्तिहरुबाट सहयोग मिले बच्चाबच्ची पढाउनका लागि केही सहज हुने थियो, तर अहिलेसम्म कतैबाट सहयोग भएन ।'

# जुम्लामा एक वर्षको अवधिमा १ सय ५७ मुद्दा दर्ता

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १६ चैत

जिल्लामा एक वर्षको अवधिमा एक सय ५७ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ । प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले आ.व ०७९ को फागुन १ गतेदेखि २०८० को हालसम्म विभिन्न अपराधका १ सय ५७ वटा मुद्दा दर्ता भएको बताए । सरुवापछि आफ्नो कार्यकालमा भए/गरेका प्रगति विवरण सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनले मानव बेचबिखनका दुई वटा, भवितव्य र फुटकर ज्यानबाट कर्तव्यमा परिणत भएका १६ वटा, जुवातास १४, भवितव्य ज्यान ३२, विष सेवन ४, अन्य २ गरी ५२ वटा, जजक २ वटा र अपहरण, शरिर बन्धक, जजक, व्यक्ति बेपत्ता र ज्यान मार्ने उद्योगका ३ वटा गरी जम्मा ७५ वटा मुद्दा पेण्डिङमा रहेको बताए ।

उनले भने,'प्रहरी ऐनले नेपाल



प्रहरीलाई मुख्य गरी अपराध अनुसन्धान गर्ने र शान्ति सुरक्षा कायम राख्ने जिम्मेवारी दिएको छ । कानूनद्वारा निर्देशित आपराधिक कार्यको रोकथाम गर्ने, अपराधी पत्ता लगाउने, प्रमाण संकलन गर्ने र अपराधीलाई कानून बमोजिम सजाय दिलाउने कार्यादेश नेपाल प्रहरीलाई दिइएको छ । त्यसै अनुरुप हामीले काम गर्दै आएका छौं।'

काठमाडौंको रानी पोखरीमा सरुवा हुन लागेका उनले जुम्लामा रहँदा १३ महिनाको अवधिमा नागरिक केन्द्रित छिटो प्रहरी सेवा प्रवाहमा महत्वपूर्ण कार्य गरेका छन् । उनले आफुले महिला र बालबालिकाका विषयमा शुन्य सहनशिलता लिएर काम गरिएको बताए ।

जुम्लामा सबै भन्दा बढी महिलाहरुमा हिंसा बढेको त्यो पनि श्रीमानबाटै बढी देखिएको बताए ।

जिल्ला प्रहरी कार्यालय जुम्लाले प्रहरी निरीक्षक तथा सूचना अधिकारी उमेश चन्दका अनुसार कालिका मन्दिर परिसरमा डेकोरेशन गरी रङरोगन गरिएको बताए । उनले भने,'नयाँ स्टोर रुम निर्माण, समीक्षा हल निर्माण कार्य शुरु, कार्यालयमा रहेको जीर्ण मनोग्रामको पुनः निर्माण (ढलान) गरी रङ्गरोगन कार्य सम्पन्न,लागुऔषध नियन्त्रण सम्बन्धी १६ दिने विशेष अभियान, विभिन्न मिति र समयमा समुदाय-प्रहरी साझेदारी अन्तर्गत स्कुल सचेतनामुलक कार्यक्रम (लागुऔषध, साइबर, बालविवाह, बहुविवाह, ट्राफिक नियम र घरेलु हिंसा) र साझेदारी कार्यक्रम अन्तर्गत गाँजा फडानी, घरेलु मदिरा नियन्त्रण, सडक नाटक जस्ता कार्यक्रम गरिएको छ ।' त्यस्तै नियमित रुपमा समुदाय सम्म अगाडि बढाइएको उनले बताए । यो अवधिमा जम्मा ३०४ वटा कार्यक्रम गरिएको उनको भनाइ छ । व्यारेक भवनको अभाव भएको हुँदा १५ जना प्रहरी कर्मचारीहरु सुत्न मिल्ने व्यारेक निर्माण गरिएको समेत उनले बताए ।

# दोहा एक्स्पोमा सहयोग गर्नेहरुलाई दूतावासले गऱ्यो सम्मान

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १६ चैत

कतारमा सम्पन्न दोहा एक्स्पोमा रहेको नेपाल पेभिलियन सञ्चालनमा सहयोग गर्नेलाई कतारको दोहास्थित नेपाली दूतावासले सम्मान गरेको छ। कतारले अक्टोबर २ मा उद्घाटन गरेको 'दोहा एक्स्पो २०२३'को बिहीबार औपचारिकरूपमा समापन गरिएको छ । एवान अन्तर्राष्ट्रिय हर्टिकल्चरल (बागवानी) अर्थात आधुनिक कृषिसम्बन्धी सञ्चालित एक्सोपोमा नेपालसहित ८० भन्दा बढी देशको सहभागिता रहको थियो भने नेपाल पेभिलियनसमेत रहेको थियो ।

एक्स्पोभित्र सञ्चालित पेभिलियनको समुद्घाटनसहित समापनसम्म साथ सहयोग गर्ने सम्पूर्णलाई नेपाली दूतावासले सम्मान



गरेको हो । शुक्रबार दूतावासको सभा हलमा सम्पन्न कार्यक्रममार्फत उद्घाटन सत्र, नेपाल डेमा सांगीतिक प्रस्तुति दिने कलाकारहरू, कतारमा रहेका विभिन्न सहयोगी सामाजिक तथा सामुदायिक संस्थाहरू सम्मानित भएका छन् । त्यस्तै फोटोग्राफर, पत्रकारसहित आयोजक संस्थाका विभिन्न तह तप्काका पदाधिकारी, आयोजक कमिटी र आयोजक संस्थाहरू सम्मानित भएका हुन् ।

दूतावासका प्रथम सचिव तथा एक्स्पोको कमिशनर जनरल कृष्ण कुमार सुवेदीले सहजीकरण गरेको कार्यक्रमलाई समापन गर्दै कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालले ६ महिना लामो समयसम्म सञ्चालित एक्स्पो र पेभिलियनमा पुगेर हरदम साथ सहयोग गर्ने सम्पूर्णमा नेपाल सरकार र नेपाली दूतावासका तर्फबाट आभार प्रकट गरेका थिए ।

एक्स्पोमा नेपाली चिया, जडीबुटी हर्बल, अलैंची, अदुवा, नेपालमा बनेका कपडा, ब्याग, जुत्तालगायतका वस्तुहरू राखिएका थिए । नेपाल सरकार तथा कृषि मन्त्रालय, नेपाली दूतावास दोहा कतार, निर्यात व्यवसायी महासंघ नेपाल तथा नेपाल व्यवसायी संघ कतार प्रवर्द्धक रहेको कतार एक्स्पो २०२३ मा नेपालमा उत्पादित विभिन्न १२२ वस्तुहरू राखिएको थियो ।

### कतारका लागि नेपाली पर्यटन प्रवर्द्धकलाई पत्र हस्तान्तरण

शुक्रबार दूतावासमा आयोजित एक कार्यक्रमका बीच बागलुङका राजेन्द्र कुमार शर्मालाई पर्यटन प्रवर्द्धकमा नियुक्त गरिएको पत्र हस्तान्तरण गरिएको छ । नेपाल सरकार मन्त्रीस्तरको फागुन १३ गते आइतबारको निर्णयानुसार कतार पर्यटन प्रवर्द्धकमा नियुक्त गरिएको पत्र राजदूत ढकालले हस्तान्तरण गरेका हुन् ।

# विद्यालयलाई ९ लाख बढीको विज्ञान प्रयोगशाला सामग्री हस्तान्तरण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १६ चैत

बर्दियाको राजापुर नगरपालिका वडा नं. ८ मा रहेको भेरी माध्यमिक विद्यालयलाई ९ लाख बढीको विज्ञान प्रयोगशाला सामग्री हस्तान्तरण गरिएको छ । विद्यार्थीको प्रयोगात्मक ज्ञान अभिवृद्धिका लागि आवश्यक पर्ने विज्ञान प्रयोगशाला सामग्री हस्तान्तरण गरिएको हो ।

राजापुर नगरपालिका सामाजिक विकास समितिका संयोजक रमेश दहित, वडा नं ८ का अध्यक्ष राजेश थारु र राधाकृष्ण थारु जनसेवा केन्द्र बर्दियाका सचिव युवराज श्रेष्ठले संयुक्त रुपमा विज्ञान प्रयोगशाला सामग्री विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम प्रसाद ढुंगाना प्रधानाध्यापक महादेव प्रसाद चौधरीलाई हस्तान्तरण गरेका हुन् ।

प्लान इन्टरनेशनल नेपाल तथा राधाकृष्ण थारु जनसेवा केन्द्र बर्दियाद्वारा सञ्चालित सशक्त बालिका





परियोजना अन्तर्गत ९ लाख ५१ हजार ९ सय २५ रुपैयाँ बराबरको प्रयोगशाला सामग्री हस्तान्तरण गरिएको परियोजनाका संयोजक मनोज पौडेलले बताए । उनले प्रयोगशाला सामग्रीले विज्ञानको विषयमा प्रयोगात्मक रुपमा विद्यार्थीलाई अब्बल बनाउने अपेक्षा समेत गरिएको बताए ।

सामग्री हस्तान्तरण गर्दै सामाजिक विकास समिति संयोजक रमेश दहितले राधाकृष्ण थारु, जनसेवा केन्द्रले राजापुर नगरपालिकामा शिक्षा, पोषण, बालविकास लगायतका क्षेत्रमा उल्लेखनिय कार्य गरेको बताउँदै नगरपालिकाको समन्वयमा भेरी माविलाई प्रयोगशाला सामग्री प्रदान गरिएको जानकारी गराए। उनले भने, 'हस्तान्तरण गरिएको प्रयोगशाला सामग्रीले विद्यार्थीहरुको सिकाइ उपलब्धी बढ्ने र प्रयोगात्मक रुपमा विद्याथीहरुलाई अब्बल वनाउन सहयोग पुऱ्याउने छ ।'

राधाकृष्ण थारु जनसेवा केन्द्रका सचिव युवराज श्रेष्ठले राजापुर नगरपालिकामा शिक्षा क्षेत्रलाई मध्यनजर गरी विद्यालयलाई सामग्री सहयोग गर्न पाउँदा आफु हर्षित भएको उल्लेख गर्दै पालिकामा अन्य सहयोगसँगै जन चेतनामुलक कार्यक्रमहरु गर्दै लैजाने बताए ।

विद्यार्थीहरुलाई सैद्धान्तिक मात्र नभइ प्रयोगशालामा प्रयोगात्मक क्रियाकलापका लागि सामग्रीको आवश्यकता पर्ने भएकोले नेतृत्वकारी भूमिका खेलेकोमा राधाकृष्ण थारु जनसेवा केन्द्र, प्लान इन्टरनेशनल नेपाल र राजापुर नगरपालिकालाई धन्यवाद दिँदै सामग्रीको उचित प्रयोग गरिने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम प्रसाद ढुंगानाले बताए ।

सशक्त बालिका परियोजना बर्दियाको बारबर्दिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, गेरुवा गाँउपालिका र राजापुर नगरपालिकामा सन् २०२३ जुलाईदेखि सञ्चालनमा रहेको छ। परियोजना जुन २०२५ सम्म सञ्चालनमा रहने परियोजना संयोजक मनोज पौडेलले बताए ।

---

**कुलमानलाई...**

त्यसत उपभेत्ताको हकमा मिटर रिडिङ भएको १६ औं दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ । जसअनुसार मिटर रिडिङ भएको मितिले १६ औं दिनदेखि ३० औं दिनसम्म ५ प्रतिशतका दरले थप शुल्क लाग्ने छ ।

यस्तै, ३१औं दिनदेखि ४०औं दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औं दिनसम्म पनि विद्युत् महसुल नबुझाउने उपभोक्तालाई ४१औं दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ ।

यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६० औं दिनसम्म पनि बक्यौता महसुल नबुझाउने विद्युत् उपभोक्ताको विद्युत् लाइन काट्न सकिने प्रावधान उक्त विनियमावलीमा रहेको छ। लाइन काटेको ६ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने विद्युत् उपभोक्ताहरुलाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान पनि प्राधिकरणको विनियमावलीमा रहेको छ ।

**घर**

राख्ने वा बाहिरिने भन्नेमा आन्तरिक विवादमा फसेका बेला अध्यक्ष श्रेष्ठले दलका नेतालाई पत्र लेख्दै उक्त निर्देशन दिएकी हुन् ।

'१४ गते बुधबार टीकापुरमा बसेको केन्द्रीय कमिटीको बैठकमा सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएअनुसार सोहीबमोजिम सरकारबाट समर्थन फिर्ता लिन, सरकारबाट बाहिर आउन निर्देश गर्दछु' उनले लेखेको पत्रमा उल्लेख छ, 'अन्यथा पाटर्सैको विधान आकर्षित गरिनेछ ।'

यसअघि बैठकको निर्णय सार्वजनिक भएलगत्तै प्रदेशसभामा पार्टीका संसदीय दलका नेता चौधरीले उक्त निर्णय मान्य नहुने सार्वजनिक अभिव्यक्ति दिएका छन्। 'रेशम चौधरी अनुपस्थित बैठकको निर्णय मान्य हुन सक्दैन । उक्त बैठकमा कोरम पुगेको जस्तो पनि लाग्दैन, सांसद लक्ष्मण किशोर चौधरीले नोट अफ डिसेन्टका रुपमा सार्वजनिक गरेका छन्।' दलका नेता चौधरी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री हुन् ।

अध्यक्ष श्रेष्ठको निर्देशनलाई काउन्टर गर्दै बिहीबार संसदीय दलले पार्टीबाट बिनाविभागीय मन्त्री रहेका लक्ष्मण किशोर चौधरी र खुसीराम डगौरा थारुलाई कार्य जिम्मेवारी दिइएको थियो ।

रेशम चौधरीको सक्रियतामा कांग्रेस नेतृत्वको सरकारका मुख्यमन्त्री कमलबहादुर शाहको सरकारलाई समर्थन गर्दै पार्टीका सात जना सांसदमध्ये फागुन अन्तिम साता एक जना राज्यमन्त्रीसहित पाँच जनालाई मन्त्री नियुक्त भएका थिए ।

उक्त पार्टीबाट आर्थिक मामिलामन्त्री चौधरी, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीमा रामेश्वर चौधरी, खुसीराम डगौरा थारु उद्योग पर्यटन वन तथा वातावरण, लक्ष्मण किशोर चौधरी सामाजिक विकासमन्त्री छन् भने इन्दिरा गिरी भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री छन् ।

**थानकोट**

सबै थाहा पाएर पनि यसतर्फ सम्बन्धित निकायले ध्यान दिएको पाइदैन ।

कम तेल लिएर आएका ट्यांकरमा बढी तेल रहेको अभिलेख राखिदिए बापत थानकोट डिपोको अपरेसन विभागमा रहेका कर्मचारीले चालकबाट एक हजारदेखि पाँच हजार रुपैयाँसम्म दरले असुल्ने गरेको स्रोतको भनाइ छ। त्यस्तै पेट्रोल पम्पका लागि 'डाइभर्ट' हुने ट्यांकरमा रहेको तेलको समेत नापजाँचमा लापरबाही गर्ने गरिएको स्रोतको भनाइ छ ।

बिहीबार दिउँसो हेटौंडा प्रहरीले स्थानीयको उजुरीपछि डिजेल चोरी गर्दैगर्दा ट्यांकर नियन्त्रणमा लिई चालक अलाम हवारी र नवदुर्गा आयल स्टोर्सका कर्मचारी वीरेन्द्र साहलाई पक्राउ गरेको थियो ।

**सांसद**

निर्वाचन आयोगले उम्मेदवारी सदर गरेर निर्वाचित भइसकेको अवस्थामा अख्तियारले लेखेको पत्र र त्यसका आधारमा संघीय संसद सचिवालयले गरेको निर्णय त्रुटीपूर्ण भएको अदालतले आदेश गरेको हो ।

**सांसद सापकोटाको कारबाही अस्वीकृत**

जनमत पार्टीकी सांसद सांसद गोमालाभ सापकोटालाई पार्टीले निस्कासन गरेको निर्णय सभामुख देवराज घिमिरेले अस्वीकृत गरिदिएका छन्। जनमत पार्टीले पार्टी अनुशासन उल्लंघन गरेको भन्दै सापकोटालाई निस्कासन गरेको थियो । निस्कासन गरेसँगै सांसद पद खाली भएको भन्दै स्वीकृतिका लागि जनमत पार्टीले गरेको आग्रह सभामुखले अस्वीकृत गरिदिएका हुन् ।

जनमत पार्टीको संसदीय दलले समानुपातिक सांसद सापकोटालाई पाटीले निस्कासन गरेको भन्दै २७ फागुनमा संघीय संसद सचिवालयमा पत्र पठाएको थियो । तर, सांसद निस्कासन हुने कसूर गरेको नदेखिएको भन्दै सभामुखले त्यसलाई मान्यता दिएनन् ।

संसदीय दलको निर्देशन नमानेको र पार्टी अनुशासन उल्लंघन गरेको आधार र प्रमाण नदेखिएको भन्दै सभामुखले सापकोटामाथिको कारबाही अस्वीकृत गरिदिएका हुन् ।

सांसद सापकोटा सभामुखको निर्णयले आफूलाई न्याय गरेको बताएकी छन्। आफूले गल्ती नगरेको तर, कारबाहीमा परेको भन्दै पत्र पुग्दा नरमाइलो लागेको र सभामुखको निर्णयले न्याय मिलेको महससु गरेको उनले बताइन् ।

**तीन सिफ्ट**

वैदेशिक रोजगार कार्यालयमा हाल दैनिक एक हजार ५ सयदेखि २ हजार श्रमिकले पुनः श्रम स्वीकृति र १ हजार जनाले नयाँ श्रम स्वीकृति माग गर्ने गरेको कार्यालयले बताएको छ ।

दोस्रो पटक श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेपछि गत चैत ४ गते श्रममन्त्री अर्यालले पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने कामदारलाई एक घण्टाभित्र श्रम स्वीकृति दिने गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)को सुधार गर्न निर्देशन दिएका थिए । मन्त्री अर्यालले एक घण्टाभित्र श्रम स्वीकृति दिन सक्ने गरी प्रणाली सुधार गर्नुपर्ने निर्देशन दिएपनि कर्मचारीले ८ वर्षअघिको प्रणालीबाट एक घण्टाभित्र श्रम स्वीकृति दिन सम्भव नदेखिएको बताएका छन् ।

फेमिसमा हाल विभागसहित २० वटा कार्यालय जोडिएका छन्। त्यसले प्रणालीमा सेवाग्राहीको चाप बढाएको छ। तर प्रणाली अपडेट नभइ बारम्बार समस्या आउँदा पुनः श्रम स्वीकृतिभन्दा संस्थागत अर्थात म्यानपावर कम्पनीले पेश गर्ने फाइलमा बढी समस्या देखिएको वैदेशिक रोजगार व्यवसायीको गुनासो छ । यसअघिका महानिर्देशक मदन दहालमाथि सुधारको चर्का वकालत गर्ने, तर प्रणाली सुधारका लागि कुनै ध्यान नदिने गरेको आरोप लागेको थियो ।

**अस्पतालमा**

लागि श्रमिक समर्पित बेडको व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयलाई आग्रह गर्नुपरेको बताए ।

श्रम मन्त्रालयले विशेषगरी औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम भएका क्षेत्रहरुमा स्वास्थय मन्त्रालयअन्तर्गत रहेका सरकारी अस्पताल, स्वास्थ विज्ञान प्रतिष्ठान र प्रदेश अस्पतालहरुमा श्रमिक समर्पित बेडको व्यवस्था गर्न आग्रह गरिएको बताएको छ । अस्पतालको बेड क्षमताका आधारमा निश्चित संख्यामा बेडहरु छुट्याइदिन पनि मन्त्रालयले आग्रह गरेको छ ।

त्यस्तै, मन्त्रालयअन्तर्गतका प्रतिष्ठान र अस्पतालहरुमा श्रमिक हेल्प डेस्क राख्नसमेत आग्रह गरिएको छ। श्रमिकहरुलाई प्राथमिकता दिइ स्वास्थ्य सुविधा उपलब्ध गराउन तथा विदेशबाट रोग लागेर उपचार गर्न फर्किएका श्रमिकहरुलाई उपचारलगायतका विषयहरुमा सूचना एवम् परामर्श दिनका लागि हेल्प डेस्क राख्न आग्रह गरिएको मन्त्रालयले जनाएको छ । अपस्तालमा उपयुक्त जनशक्तिसहितको एक स्वास्थ्य परामर्श इकाइ स्थापना गर्नसमेत आग्रह गरिएको मन्त्रालयको भनाइ छ। वार्षिक सात लाखभन्दा बढी संख्यामा नेपाली श्रमिकहरु वैदेशिक रोजगारीमा जाने गरेका छन् भने नेपालमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा गरी करिब ७० लाख श्रमिकहरु कार्यरत रहेका छन् ।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Refrigerator | 57.5cmx68.0cmx 1.08M | PALSONIC | PLC182LTBF-HDR | 170 Litre | India | Pcs | 24599.00 | 24599.00 | |
| २. | Refrigerator | 57.5cmx68.0cmx 1.08M | PALSONIC | PLC182LTWF-HDR | 170 Litre | India | Pcs | 24599.00 | 24599.0 | |
| ३. | Refrigerator | 57.5cmx68.0cmx 1.22M | PALSONIC | PLC202LTBF-HDR | 190 Litre | India | Pcs | 26240.00 | 26240.00 | |

**ए.जी.आर इण्डस्ट्रीज प्रा.लि.**
**नयाँबाटो, ललितपुर**

**स्थायी लेखा नं ६०५९३३२७५**
**फोन नं ९८०१८९९९९०**

# ९ वर्षदेखि अलपत्र तीनपिप्ले–रानीपौवा सडक निर्माण कार्य शुरु

**दिपेश न्यौपाने/मध्यान्ह**
ककनी, १६ चैत

९ वर्षदेखि अवरुद्ध रहेको पासाङ ल्हामु राजमार्गको तीनपिप्ले-रानीपौवा सडकको निर्माण कार्य शुरु भएको छ । ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङले शुक्रबार निर्माण कार्यको उद्घाटन गरेका हुन् । अध्यक्ष तामाङकै सक्रियतामा तीनपिप्ले-रानीपौवा सडकको निर्माण कार्य शुरु गरिएको हो ।

उद्घाटन गर्दै अध्यक्ष तामाङले मानव जीवनस्तरसँग जोडिएको सडक मार्ग ९ वर्षदेखि लथालिङ्ग अवस्थामा रहँदा नागरिकले निकै नै सास्ती खेप्नु परेको बताउँदै निर्माण कार्य समयमा नै सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशनसमेत दिएका छन् । समय र गुणस्तरलाई ख्यालमा राख्दै काम गर्न उनले अनुरोध गरेका छन् ।

सडक निर्माण कार्य शुरु भएपछि यहाँका स्थानीय हर्षित भएका छन् । सडक निर्माण भएसँगै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने र पर्यटकको आगमनसँगै स्थानीयको जीवनस्तर सुधारिने जानकारहरु बताउँछन् ।

लामो अवधिसम्म पनि निर्माण हुन नसकेको तीनपिप्ले-पिपलटार सडकखण्डमध्ये पहिलो चरणमा तीनपिप्लेदेखि रानीपौवासम्मको सडक निर्माणको जिम्मा मोतीदान कन्स्ट्रक्सन सेवाले ८३ करोड ३१ लाख रुपैयाँमा पाएको छ । निर्माण ठेक्का अवधि दुई वर्ष रहेको छ । २०८० फागुन ३० गते सम्झौता भएको र २०८२ फागुन ९ सम्ममा निर्माण कार्य सम्पन्न गरिसक्नुपर्ने छ । पहिलो चरणमा १४.५ किलोमिटर सडक कालोपत्रेसहित निर्माण हुने भएको छ । रानीपौवा बजारबाट २ किलोमिटर तलसम्म सडक कालोपत्रे गर्न सकिने निर्माण कम्पनीले जनाएको छ ।



बालाजु-रानीपौवा-पीपलटार सडकको कूल दूरी भने ५५.५ किमि हो । उक्त दूरीमध्ये केही खण्डमा काम भइसकेको छ । उक्त सडकको शुरुको ठेक्काअनुसार काम नभएपछि ठेक्का तोडेर दोस्रो ठेक्का लगाइएको हो । शुरुमा बालाजु-रानीपौवा खण्डको ठेक्का भएको थियो । तर सात पटक म्याद थप्दा गर्दा पनि काम भएको थिएन ।

काममा कुनै प्रगति नभएपछि बालाजु-रानीपौवा खण्डको ठेक्का लिने इन्फ्रा पावर लिमिटेड (एआईपीएल) र शैलुङ कन्स्ट्रक्सन जेभीसँग ०७९ असार ५ मा सम्झौता तोडिएको थियो । ठेक्का तोडेसँगै ती कम्पनीलाई सडक विभागअन्तर्गत सडक सुधार तथा विकास आयोजना निर्देशनालयले सार्वजनिक खरिद अनुगमन कार्यालयलाई कालोसूचीमा राखी कारबाही गर्न सिफारिस गरेको थियो । जसअनुसार उक्त कम्पनीलाई ०७९ भदौ ८ देखि ०८२ भदौ ७ सम्म कालोसूचीमा राखिएको छ । शैलुङ कन्स्ट्रक्सन प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का घरबेटी शारदा अधिकारीको कम्पनी हो ।

रानीपौवा-पीपलटार खण्डसम्म भारतीय एक्जिम बैंकको ऋण सहयोगमा काम हुँदैछ । त्यसका लागि विस्तृत परियोजना रिपोर्ट (डीपीआर) गरेपछि ठेक्का लगाइने बताइएको छ । उक्त खण्ड निर्माणका लागि २ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । रानीपौवा-पीपलटार भारतकै दिनेशचन्द्र आर अग्रवाल र नागार्जुन-कोसी एन्ड न्यौपाने जेभीले ठेक्का लिएका थिए । उक्त निर्माण कम्पनीसँग पनि ०७७ असार ९ मा ठेक्का सम्झौता तोडिएको थियो । अहिले यो कम्पनीलाई कालोसूचीमा राखिएको छ । नौ वर्षदेखि सडक स्तरोन्नति गर्ने भन्दै सडक भत्काएर अलपत्र पार्दा स्थानीय समस्या छन् । सडककै कारण व्यापार व्यवसाय चौपट बनेको उनीहरूको गुनासो छ । सडक भत्काएर वर्षौंसम्म नबनाउँदा स्थानीयको दैनिक जीवनयापन नै प्रभावित बनेको छ ।

# लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ रोल्पाको अध्यक्षमा पुन

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १६ चैत

नेपाली कांग्रेसको भातृ संगठन नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ जिल्ला कार्य समिति रोल्पाको प्रथम अधिवेशन सम्पन्न भएको छ ।

प्रथम अधिवेशनले मती पुन(मदन)को अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ । जसको उपाध्यक्षमा बुद्धिराम पुन, सचिवमा सुर्य प्रकाश बुढा मगर, गोविन्द थापा र सह-सचिवमा मन बहादुर बुढा, डम्बर बुढा लगायत रहेका छन् ।

त्यस्तै सदस्यहरुमा सरला श्रेष्ठ, दिलमाया पुन, यशोदा श्रेष्ठ, पुर्णिमाया रोका, रेशुमाया पुन, दिपा कुमारी पुनमगर, भुमा घर्ती, ताराचन्द्र घर्ती मगर, सोम बहादुर पुन, धन बहादुर घर्ती मगर, सुक बहादुर रोका, दिपक श्रेष्ठ, रामभक्त राना मगर, लक्ष्यराम बुढा मगर र ठगेन्द्र बुढा मगर रहेका छन् । त्यस्तै महासंघको केन्द्रीय महाधिवेशन प्रतिनिधिको समेत सर्वसम्मत चयन गरिएको छ । जसमा गोपाल घर्ती मगर,दिपक श्रेष्ठ,अमृत बहादुर घर्ती मगर, रेग बहादुर पुन मगर, पुष्पा श्रेष्ठ र श्रीकुमारी घर्ती रहेका छन् । महासंघको प्रदेश महाधिवेशन प्रतिनिधि समेत चयन गरिएको छ । जसमा क्षेत्र नं.१(क)मा क्षेत्रीय अध्यक्षमा अनिल घर्ती मगर(पदेन),सदस्यमा मनिकला पुन,जसमाया पुन, तेजबहादुर घर्ती,गणेश पुन, हर्कराम बुढा र धन बहादुर घर्ती रहेका छन् ।

# शितखोलामा पुल बनेपछि स्थानीय हर्षित



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १६ चैत

अर्घाखाँचीको शिततगंगा नगरपालिका वडा नं. ७ साविक जलुके दमारबेसी शितखोलामा निर्माण सम्पन्न भएको झोलुङ्गे पुलको उद्घाटन गरिएको छ ।

पुलको लुम्बिनी प्रदेश सांसद रामजी प्रसाद घिमिरेले उद्घाटन गरेका छन् । वर्षौंदेखि स्थानीयबासिले सो ठाउँमा पुल निर्माण गर्नका लागि सरोकारवालालाई अनुरोध गर्दै आएका थिए । अहिले पुल बनेपछि आफुहरुको सपना पूरा भएको भन्दै स्थानीय हर्षित भएका छन् ।

उद्घाटन कार्यक्रममा सडक पूर्वाधार कार्यालय अर्घाखाँचीका डिभिजन इन्जिनियर गोपिराज पुनले जनताको माग अनुसार पुल निर्माण सम्पन्न गरिएकाले अब यसको संरक्षण स्थानीय समुदायले गर्नुपर्नेमा जोड दिए । शितगंगा नगरपालिका वडा नं.७ का वडा अध्यक्ष देवीराम घिमिरेको अध्यक्षता भएको कार्यक्रममा वडा नं ९ का वडा अध्यक्ष भीम केसी, नेकपा एमाले नगर इन्चार्ज ओपी पाण्डे लगायत राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अथिती घिमिरेले लुम्बिनी प्रदेश सरकारको १ करोड ५८ हजार ३ सय ३४ रुपैयाँ २४ पैसाको लागतमा १३४.२ मिटर लामो झोलुङ्गे पुल निर्माण सम्पन्न भएको बताए । वडा सदस्य टेकबहादुर गाहाले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन ऋषि घिमिरेले गरेका थिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ONCOST CASH & CARRY CENTRAL MARKET — शहर :Kuwait
पूर्व स्वीकृत मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२०९ LT. No.: 279687 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carrier | 7 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Coordinator | 16 | 0 | | 150 | ६४,९११ | | | | | | | |
| 3. | Light Driver | 40 | 0 | | 140 | ६०,५८४ | | | | | | | |
| 4. | Reporter | 26 | 0 | | 120 | ५१,९२९ | | | | | | | |
| 5. | Worker (Indoor) | 40 | 0 | | 110 | ४७,६०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २० गते (2 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC — Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: B-ALENAYA TRADING EST — शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८०/१२/१६ चलानी नं.: ६०२१७६०५ L.T. No.: 302816

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २४ गते (6 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
Ishan International Overseas Pvt. Ltd.
Head Office: Kathmandu N.P.-34,New Baneshwor, Kathmandu, BAGMATI, Tel: +01-4796201
Branch Office: Atithi Sadan Road, Birtamode, Jhapa, Tel: +23-590306, 590307
Email: isonepalos@gmail.com, URL: www.ishanint.com



## यूएईमा रोजगारको अवसर

कम्पनी : KIRUBA CONTRACTING LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४२२० LT. No.: 299254 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 5 | 0 | | 2000 | ७२,५२० | | | | | | | |
| 3. | Scafolder | 50 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |
| 4. | Steel Fixer | 25 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |

अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८० चैत १८ र २० गते (31 March & 2 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता अक्टोपस ट्रेनिङ सेन्टर, दमक, झापामा २०८० चैत १९ गते (1 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SkyStar Recruitment Pvt.Ltd.
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com
श्रम इजाजत नं. १०७८/०७३/०७४



## MAURITIUS मा वैदेशिक रोजगार

कम्पनी : King Savers LTD — शहर: Mauritius
पूर्व स्वीकृत मिति : २०७९/१२/३० चलानी नं.: ६०२००१८१ L.T. No.: 284622 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 3 | 0 | स. काममा दक्ष | 22000 | ६३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Accountant | 2 | 0 | | 18000 | ५१,६६० | | | | | | | |
